


वर्ष ४३ | अंक ६ | नेपाल राष्ट्र बैंक समाचार | फागुन २०७५ | फेब्रुअरी–मार्च २०१९

# समष्टिगत अर्थतन्त्र र बैंकिङ क्षेत्रको अवस्था सम्बन्धी अन्तरक्रिया सम्पन्न




गर्भनर डा. चिरंजीबि नेपालले देशको आर्थिक क्रियाकलाप केही वर्षदेखि बढ्दै गएको र यो वर्ष पनि आर्थिक वृद्धि उच्च रहने बताउनु भएको छ।

अनुसन्धान विभागले २०७५ माघ २३ गते काठमाडौंमा आयोजना गरेको समष्टिगत अर्थतन्त्र र बैंकिङ क्षेत्रको विद्यमान अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले वैदेशिक ऋण लगानीको जोखिम व्यवस्थापन गर्न बैंकले मस्यौदा गरेको हेजिङ सम्बन्धी नियमावली स्वीकृतिको अन्तिम चरणमा रहेको जानकारी दिनुभयो। साथै, उहाँले अन्तरक्रियामा सहभागीहरूबाट प्राप्त राय सुझावलाई बैंकले आवश्यकता अनुसार सम्बोधन गर्दै जाने विश्वास व्यक्त गर्नुभयो।

डेपुटी गर्भनरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले मुलुकको उच्च र दिगो आर्थिक वृद्धिका लागि व्याजदर स्थायित्व र वित्तीय पहुँच अभिवृद्धि आवश्यक रहेको चर्चा गर्दै देशको समष्टिगत अर्थतन्त्रको स्थिति र विभिन्न आर्थिक परिसूचकहरूको जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले उद्योगीहरूका लागि व्याजदर र तरलता अहिलेको प्रमुख समस्या रहेको बताउँदै बेस रेट गणनामा नयाँ व्यवस्था ल्याइए पनि बैंकहरूको कर्जाको व्याजदरमा कमी नआएको गुनासो व्यक्त गर्नुभयो।

नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले लगानीयोग्य कोषको अभाव न्यून गर्न पुनरकर्जाको सीमा र समयावधि बढाउनु पर्ने, पुनरकर्जा दर घटाउनु पर्ने र सरकारी कोषको रकमलाई तरलताको रूपमा बजारमा ल्याउने वातावरण बनाउनु पर्नेमा जोड दिनुभयो।

नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले व्याजदर बजारलाई नै निर्धारण गर्न दिनुपर्ने र तरलता पर्याप्त भएपछि समस्या आफै समाधान हुने बताउँदै तरलता समस्या न्यून गर्न दीर्घकालीन रूपमा पुनरकर्जा बढाउनु पर्ने सुझाव दिनुभयो।

बैंकर्स, उद्योगी, व्यवसायी, लगानीकर्ता र सञ्चारकर्मीहरूलाई देशको विद्यमान आर्थिक र बैंकिङ क्षेत्र बारे जानकारी दिई राय सुझाव संकलन गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा डेभलपमेन्ट बैंकर्स एसोसियसन नेपालका महासचिव प्रद्युमन पोखेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर, बैंकिङ विज्ञ अनलराज भट्टराई लगायतका सरोकारवालाहरूले तरलता तथा व्याजदर समस्या समाधान गर्ने विषयमा विभिन्न राय सुझाव दिएका थिए।

# बैंकिङ कारोबारको सुरक्षा व्यवस्था मजबुत बनाउनु पर्ने

गभर्नर डा. चिरंजीबि नेपालले नेपाली बैंकिङ क्षेत्रको कारोबारको सुरक्षा व्यवस्था मजबुत बनाउन रियल टाइम ग्रस सेटलमेन्ट (RTGS) प्रणाली लागू गर्न लागिएको बताउनु भएको छ।



भुक्तानी प्रणाली विभाग र UKaid सक्षमको संयुक्त आयोजनामा २०७५ माघ २४ गते काठमाडौंमा सम्पन्न Action Points for Project NRB RTGS विषयक कार्यशाला गोष्ठीमा प्रमुख अतिथि रहनुभएका गभर्नर डा. नेपालले भुक्तानी प्रणालीको अवस्था सुरक्षित र मजबुत रहेका मुलुकहरू विकासमा पनि अगाडि रहेको चर्चा गर्दै भुक्तानी प्रणालीको विकासका सन्दर्भमा नेपालले धेरै काम गर्न बाँकी रहेको बताउनु भयो।

बाँकी ९ पृष्ठमा

# बैंक तथा वित्तीय संस्थामा नियुक्तिका लागि पूर्व स्वीकृति लिनुपर्ने

पूर्व डेपुटी गभर्नर, पूर्व कार्यकारी निर्देशक वा पूर्व अधिकृतस्तरका कर्मचारीहरूले नेपाल राष्ट्र बैंकबाट अवकाशप्राप्त गरेको वा पदबाट हटेको निश्चित अवधिपछि बैंकबाट स्वीकृति लिएर मात्र इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा कार्य गर्न पाइने भएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ माघ ७ गते एक परिपत्र मार्फत नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा डेपुटी गभर्नर र बैंकका कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले ३ वर्षसम्म र बैंकका अधिकृतस्तरका कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले २ वर्षसम्म कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन तर तोकिएको समयावधि पूरा भएपछि कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि सम्बन्धित डेपुटी गभर्नर, कार्यकारी निर्देशक वा अधिकृतले बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था भएकोले यस किसिमको पूर्व स्वीकृति लिए/नलिएको यकिन गरेर मात्र नियुक्ति गर्ने व्यवस्था गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी गरेको हो ।

# विदेशी विनिमय सम्बन्धी व्यवस्थामा संशोधन

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ माघ ६ र ८ गते परिपत्र जारी गरी विदेशी विनिमय सम्बन्धी विद्यमान व्यवस्थामा संशोधन गरेको छ ।

संशोधित व्यवस्था अनुसार ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, कार्गो कुरियर एजेन्ट, होटल लगायतका संस्थाहरूले विदेशबाट Repatriation लिनुपर्ने रकम विदेशी मुद्रा कारोवार भएको १५ दिनभित्र देशभित्र अनिवार्य रूपमा ल्याई सक्नुपर्ने र यस सम्बन्धी विवरण हरेक त्रयमास समाप्त भएको १५ दिनभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

शिक्षा, आप्रवासन, स्वास्थ्य लगायतको प्रयोजनका लागि अमेरिकी डलर ५००० भन्दा बढीको परिवर्त्य विदेशी मुद्रा माग गर्ने नेपालीहरूसँग अनिवार्य रूपमा स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने र त्यस्तो स्थायी लेखा नम्बर उपरोक्त प्रयोजनको लागि सटही सुविधा माग गर्ने व्यक्ति वा निजको एकाघर परिवारका सदस्यहरू मध्ये आमा वा बुबा कुनै एक जनाको पेश गरेमा समेत परिवर्त्य विदेशी मुद्रा सटही गर्न सकिने व्यवस्था गरिएको छ ।

यसै गरी, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत दिइने सटही सुविधा अमेरिकी डलर ५०० बाट घटाएर अमेरिकी डलर २०० कायम गरिएको छ ।

साथै, चलनचल्तीबाट हटाइएका भा.रु. ५०० र १००० दरका नोटको नेपालमा कारोबार गर्न र हाल चलनचल्तीमा रहेका भा.रु. २००, ५०० र २००० दरका नयाँ नोट साथमा राख्न, कारोबार गर्न र ओसारपसार गर्न नपाइने व्यवस्था गरिएको छ भने भा.रु. १०० र सो भन्दा कम दरका नोट तथा मुद्रा मात्र प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सकिने तर नेपाली नागरिकले भारतीय रूपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन नपाइने व्यवस्था गरिएको छ ।

# समस्याग्रस्त संस्थालाई छुट

नेपाल राष्ट्र बैंकले २०७५ माघ ६ गते परिपत्र जारी गरी समस्याग्रस्त संस्थाहरूलाई तोकिएको औसत व्याजदर अन्तर कायम नगरेमा गरिने कारवाहीमा छुट प्रदान गरेको छ ।

औसत ब्याजदर अन्तर वाणिज्य बैंकको हकमा २०७५ असोज मसान्त पश्चात् ५ प्रतिशतभन्दा बढी, २०७५ चैत मसान्त पश्चात् ४.७५ प्रतिशतभन्दा बढी र २०७६ असार मसान्त पश्चात् ४.५ प्रतिशतभन्दा बढी तथा ख र ग वर्गका राष्ट्रियस्तरका वित्तीय संस्थाहरूको हकमा २०७५ पुस मसान्त पश्चात् र राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरूको हकमा २०७६ असार मसान्त पश्चात् ५ प्रतिशतभन्दा बढी भएमा तोकिए बमोजिमका कारवाही हुने व्यवस्था छ ।

तोकिए बमोजिमको औसत व्याजदर अन्तर कायम नगर्ने इजाजतपत्र प्राप्त संस्थाहरूलाई वाणिज्य बैंकको शाखा कार्यालय नभएका स्थानीय तह बाहेकका स्थानमा शाखा कार्यालय विस्तार गर्न रोक लगाउने, भूकम्प पीडितहरूलाई प्रवाह गरिने बाहेकका अन्य पुनरकर्जा सुविधा प्रदान नगर्ने र सो आर्थिक वर्षको बोनस सेयरको कर प्रयोजन बाहेकको नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने कारवाही हुने व्यवस्था छ ।

# कुलिङ पिरियड सम्बन्धी व्यवस्था लागू

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाका सञ्चालक र प्रमुख कार्यकारी अधिकृतका साथै वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सेवाबाट हटेको ६ महिना व्यतित नभई इजाजतपत्र प्राप्त अन्य संस्थामा समान प्रकृतिको पदमा नियुक्ति हुन नपाउने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ माघ ६ गते जारी परिपत्र अनुसार इजाजतपत्र प्राप्त संस्थामा सञ्चालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधिनमा रही कार्यकाल थप भएको अवस्थामा बाहेक जुनसुकै कारणले पदबाट हटेमा कम्तिमा ६ महिनाको समय व्यतित नभई इजाजतपत्र प्राप्त अन्य संस्थामा सञ्चालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न नपाउने व्यवस्था गरिएको छ । साथै, कुनै सञ्चालक आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणबाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकालभित्र सोही संस्थाको सञ्चालक पदमा निर्वाचित वा मनोनित हुन नपाउने व्यवस्था गरिएको छ ।

यसैगरी, इजाजतपत्र प्राप्त संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधिनमा रही पुनः नियुक्ति पाएको अवस्थामा बाहेक जुनसुकै कारणले सेवाबाट निवृत भएमा कम्तिमा ६ महिनाको अवधि व्यतित नभई इजाजतपत्र प्राप्त अन्य संस्थामा सोही पदमा नियुक्ति हुन नपाउने र सोही कार्यकाल वा ६ महिना मध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा सञ्चालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न नपाउने व्यवस्था गरिएको छ ।

# गभर्नर डा. नेपालद्वारा बैंकिङ एक्स्पो उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले मिडिया इन्टरनेशनलद्वारा बुटवलमा आयोजित बैंकिङ एक्पोको २०७५ माघ ११ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।



सो अवसरमा गभर्नर डा. नेपालले मुलुकभर वित्तीय पहुँच र वित्तीय जागरण अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंकले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै अन्य संघसंस्थाहरूले पनि यस्तो कार्यक्रम सञ्चालन गरी बैंकको अभियान सफल बनाउन सघाउ पुऱ्याएकोमा खुसी व्यक्त गर्नुभयो ।

दुई दिनसम्म आयोजना गरिएको उक्त एक्पोमा लघु उद्यमशीलता, बैंकिङ टेक्नोलोजी, बीमा साक्षरता, सेयर बजारमा लगानीको अवसर तथा सम्भावना लगायतका विषयमा विज्ञहरूबाट कार्यपत्र प्रस्तुत गरिएका थिए ।

नेपालमा बैंकिङ पहुँच तथा गतिविधि, बीमाको पहुँच तथा फाइदा र सेयर बजारमा लगानीका विविध पक्षहरूमा समेत छलफल भएको उक्त कार्यक्रममा बीमा समितिका अध्यक्ष चिरन्जीबी चापागाई, सिद्धार्थनगर कार्यालयका निर्देशक अशोक पौडेल, नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना, आयोजक संस्थाका माधव निर्दोष लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू, ब्रोकर कम्पनीहरू, रेमिट्यान्स कम्पनीहरू, युवा स्वरोजगार कोष लगायतका संस्थाहरूका ४० वटा स्टल रहेको उक्त एक्पो बुटवल क्षेत्रका शैक्षिक संस्थाका विद्यार्थीहरू, बैंकर्स, कर्मचारी, उद्योगी, व्यापारी, लगानीकर्ता, कृषक र स्थानीय सर्वसाधारण गरी १० हजार बढीले अवलोकन गरेको आयोजक संस्थाले जनाएको छ ।

# वित्तीय विवरण तयार गर्ने सम्बन्धी अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस १८ गते काठमाडौंमा NFRS बमोजिमको वित्तीय विवरण तयार गर्ने सम्बन्धमा एक अन्तरक्रिया आयोजना गऱ्यो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको NFRS लागू भएपश्चात् वाणिज्य बैंकहरूको वित्तीय विवरण उच्च गुणस्तरको भएको उल्लेख गर्दै नेपाली बैंकहरूको वित्तीय विवरण अन्तर्राष्ट्रिय बैंकहरूको वित्तीय विवरणसँग तुलनायोग्य भएकोमा खुशी व्यक्त गर्नुभयो ।

साथै, उहाँले NFRS कार्यान्वयनका क्रममा देखिएका असहजतालाई आपसी छलफलबाट निराकरण गर्दै सबल वित्तीय विवरण तयार गर्न बैंकका वित्त विभाग प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा आयोजक विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले नयाँ व्यवस्था लागू गर्दा सुरुको चरणमा केही अष्पष्टताहरू देखिनु स्वाभाविक भएको उल्लेख गर्दै अन्तरक्रियाबाट प्राप्त राय सुझावहरू उच्चस्तरीय समितिमा छलफल गरी सहजीकरण गरिने बताउनु भयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले Issues on Approval of NFRS Financial Statement विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले वित्तीय विवरणको स्वीकृति सम्बन्धमा देखिएका समस्याहरू बारे जानकारी गराउँदै काम गर्दै जाँदा देखिने समस्याहरूलाई अन्तर्राष्ट्रिय अभ्यास तथा विद्यमान प्रावधान बमोजिम आपसी छलफलद्वारा समाधान गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदाश, कानुन महाशाखाका निर्देशक रेवतीप्रसाद नेपाल र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक शैलेन्द्र रेग्मीको उपस्थिति रहेको उक्त कार्यक्रममा आयोजक विभागका सहायक निर्देशक जगदिश कुमारले अन्तरिम वित्तीय प्रतिवेदन सम्बन्धमा NAS 34 Interim Financial Reporting मा भएको व्यवस्थाका बारेमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । सो मापदण्ड पूर्ण रूपमा कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकले अन्तरिम वित्तीय प्रतिवेदनको संशोधित ढाँचा निकट भविष्यमा जारी गरिने उहाँले जानकारी दिनुभयो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यकारी निर्देशक श्रेष्ठ र सहायक निर्देशक कुमारले दिनुभएको थियो ।

कार्यक्रमको सुरुमा आयोजक विभागका निर्देशक बमबहादुर मिश्रले अन्तरक्रिया आयोजना गर्नुको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग र आयोजक विभागका अधिकृतहरू र विभिन्न बैंकका वित्त विभाग प्रमुख तथा प्रतिनिधिहरू गरी ७० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन आयोजक विभागका सहायक निर्देशक सुशिल ज्ञवालीले गर्नुभएको थियो ।

# नेपाल पूर्वाधार बैंकलाई इजाजतपत्र प्रदान

नेपाल राष्ट्र बैंकले २०७५ माघ २८ गते नेपाल पूर्वाधार बैंकलाई कारोबार सञ्चालनको लागि इजाजतपत्र प्रदान गरेको छ । सोही दिन गभर्नर डा. चिरंजीबि नेपालले उक्त बैंकका अध्यक्ष अनुज अग्रवाललाई कारोबार सञ्चालनको इजाजतपत्र हस्तान्तरण गर्नुभयो ।



अधिकृत पुँजी रु.४० अर्ब, जारी पुँजी रु.२० अर्ब र चुक्ता पुँजी रु.१२ अर्ब रहेको उक्त बैंकलाई इजाजतपत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र कारोबार सञ्चालन गर्ने र ३ वर्षभित्र सर्वसाधारणमा शेयर विक्री वितरण गरी चुक्ता पुँजी रु.२० अर्ब पुर्‍याउनु पर्ने लगायतका शर्त तोकी इजाजतपत्र प्रदान गरिएको हो ।

सार्वजनिक तथा निजी साझेदारी अन्तर्गत नेपाल सरकारको १० प्रतिशत र निजी क्षेत्रको ९० प्रतिशत पुँजी लगानी रहेको उक्त बैंकको मुख्य कार्यक्षेत्र राष्ट्रिय, प्रादेशिक तथा स्थानीयस्तरका पूर्वाधार विकासका परियोजनाहरूमा लगानी गर्ने, पूर्वाधार विकास सम्बन्धी परियोजना सञ्चालन गर्ने कम्पनीहरूको धितोपत्रमा लगानी गर्ने तथा परियोजना निर्माणका लागि आन्तरिक तथा बाह्य स्रोत जुटाउने रहेका छन् ।

# एकीकृत निर्देशन सम्बन्धी अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस २६ गते काठमाडौंमा "लघु वित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनहरूमा भएको संशोधन तथा परिमार्जन" सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले प्रादेशिक संरचना अनुसार एक प्रदेश वा राष्ट्रियस्तरमा मात्र लघु वित्त वित्तीय संस्था सञ्चालन गर्न पाउने व्यवस्था गरिएको र लघु वित्त वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धि सँगसँगै मर्जरलाई प्रोत्साहन गर्ने नीति लिइएको चर्चा गर्दै संस्था निरीक्षणका क्रममा सुपरिवेक्षकहरूले अनिवार्य रूपमा आचारसंहिता पालना गर्नुपर्नेमा जोड दिनुभयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनमा गरिएको समयसापेक्ष परिमार्जन तथा निर्देशन कार्यान्वयनमा देखा परेका अप्ठ्याराहरूका सम्बन्धमा सुपरिवेक्षकहरूबाट प्राप्त रायसुझाव अनुसार निर्देशनमा आवश्यक सुधार गर्दै लगिने बताउनु भयो ।

आयोजक विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलको उपस्थिति रहेको उक्त कार्यक्रममा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले जारी निर्देशनमा संशोधन गर्नुपर्ने विषयहरूको चर्चा गर्दै निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्ने सिलसिलामा देखिने द्विविधा तथा समस्या समाधान गर्ने सन्दर्भमा कार्यक्रम फलदायी भएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोजक विभागका निर्देशक नरेन्द्रसिंह विष्टले लघु वित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनमा भएको संशोधन तथा परिमार्जन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा उहाँले सम्बन्धित संस्थाहरूद्वारा प्रतिवेदन पेश गर्ने क्रममा तोकिए बमोजिम तथ्यांक प्रविष्टि नगर्दा वित्तीय सूचकांकहरूमा देखिएको अस्वाभाविक स्थिति सम्बन्धी उदाहरण प्रस्तुत गर्दै सुपरिवेक्षकहरूले स्थलगत निरीक्षणका समयमा यसतर्फ विशेष ध्यान दिन सुझाव समेत दिनुभएको थियो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका विभिन्न जिज्ञासाको जवाफ निर्देशक विष्ट र कानुन महाशाखाका निर्देशक रेवतीप्रसाद नेपालले दिनुभएको थियो ।

आयोजक विभागका निर्देशक बमबहादुर मिश्रले अन्तरक्रिया आयोजना गर्नुको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागका अधिकृतहरू गरी ६० जनाको सहभागिता रहेको थियो ।

यसअघि विभागले २०७५ पुस ३ गते काठमाडौंमा "क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनमा भएको संशोधन तथा परिमार्जन" सम्बन्धमा अन्तरक्रिया आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले बैंकबाट विभिन्न मितिमा जारी गरिएका निर्देशनहरूमा भएका द्विविधाहरूलाई स्पष्ट पार्ने, जारी निर्देशनहरू कार्यान्वयनका क्रममा हुन पुगेका कमजोरीहरूलाई सुधार गर्न पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले अन्तरक्रिया आयोजना गरिएको बताउनु भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशकहरू पौडेल, अधिकारी, विदेशी विनिमय व्यवस्थापन विभागका भीष्मराज ढुंगाना, बैंक सुपरिवेक्षण विभागका महेश्वरलाल श्रेष्ठ, विकास बैंक सुपरिवेक्षण विभागका भुवन कडेल र वित्त कम्पनी सुपरिवेक्षण विभाग सुनिल उदाशको उपस्थिति रहेको थियो ।

अन्तरक्रियामा आयोजक विभागका निर्देशक बमबहादुर मिश्रले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनमा भएको संशोधन तथा परिमार्जन विषयमा कार्यपत्र प्रस्तुत गर्दै एकीकृत निर्देशनमा गरिएका थप तथा संशोधित व्यवस्थाहरूको औचित्य स्पष्ट गर्नुभएको थियो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका विभिन्न जिज्ञासाको जवाफ कार्यकारी निर्देशक पौडेल र निर्देशक मिश्रले दिनुभएको थियो ।

कार्यक्रमको सुरुमा सोही विभागका निर्देशक नरेन्द्रसिंह विष्टले अन्तरक्रिया आयोजना गर्नुको औचित्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

आयोजक विभाग, बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागका गरी ७० जना अधिकृतहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन आयोजक विभागका सहायक निर्देशक सुशिल ज्ञवालीले गर्नुभएको थियो ।

# विकास बैंकका अध्यक्ष तथा सञ्चालकहरूसँगको अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा विकास बैंक सुपरिवेक्षण विभागले २०७५ पुस १८ गते काठमाडौंमा विकास बैंकहरूका सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूसँग संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका प्रमुख कैफियतहरूका विषयमा एक दिने अन्तरक्रिया सम्पन्न गऱ्यो ।

कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले विकास बैंकका सञ्चालकहरूले संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण निवारण, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा नेपाल राष्ट्र बैंकले समयसमयमा जारी गरेका निर्देशनहरूको जानकारी राख्नुपर्नेमा जोड दिँदै संस्था सञ्चालनमा मार्गदर्शन गर्नुपर्ने सञ्चालकहरू ती निर्देशनको पालना भए नभएको सम्बन्धमा सधैँ चनाखो रहनुपर्नेमा जोड दिनुभयो । साथै, उहाँले संस्थामा कर्मचारीहरूले सम्पादन गर्ने कार्यमा क्रस चेक हुने प्रणाली विकास गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफमा डेपुटी गभर्नर श्रेष्ठले नीति नियम समय सापेक्ष परिवर्तन हुने हुँदा बैंकबाट जारी भएका निर्देशनहरू पनि परिवर्तनशील भएको चर्चा गर्दै संस्थाको कर्जा निर्देशिका अनुसार कर्जा स्वीकृति तथा प्रवाह गर्नुपर्ने, सञ्चालक शिक्षा कार्यक्रम प्रभावकारी बनाउनु पर्ने तथा सञ्चालन खर्च कम गर्न अनलाइन बैठक गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यकारी निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल, बैंक सुपरिवेक्षण विभागका महेश्वरलाल श्रेष्ठ तथा विकास बैंक सुपरिवेक्षण विभागका भुवन कडेलले पनि दिनुभएको थियो ।

कार्यक्रममा आयोजक विभागका निर्देशक रामबहादुर मानन्धरले अन्तरक्रिया आयोजना गर्नुको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य दिनुभएको थियो भने निर्देशक राजेन्द्र भट्टराईले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अन्तरक्रियामा आयोजक विभागका उप-निर्देशक सुरेशकुमार दाहाल र सहायक निर्देशक सुशिल बिजुक्षेले संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण निवारण, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको उक्त अन्तरक्रियामा विभिन्न विकास बैंकका अध्यक्ष तथा सञ्चालकहरू गरी ६६ जनाको सहभागिता रहेको थियो ।

# प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनसँगको अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा विकास बैंक सुपरिवेक्षण विभागले २०७५ पुस १९ गते काठमाडौंमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली विषयमा एक दिने अन्तरक्रिया सम्पन्न गऱ्यो ।



सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले विकास बैंकको उच्च व्यवस्थापनले जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा जारी भएका निर्देशनहरूको जानकारी राख्नुपर्नेमा जोड दिँदै जोखिम व्यवस्थापनका लागि वित्तीय संस्थाहरू बीचको सह-अस्तित्व र सहकार्य अपरिहार्य हुने धारणा व्यक्त गर्नुभयो ।

संस्थाको दैनिक कार्य सञ्चालनमा प्रमुख कार्यकारी अधिकृतको अहम् भूमिका रहने भएकोले संस्थाको हित विपरित हुने कुरामा प्रमुख कार्यकारी अधिकृतले विधिवत रूपमा अडान लिनु पर्ने आवश्यकता औंल्याउँदै डेपुटी गभर्नर श्रेष्ठले वाणिज्य बैंकहरू र विकास बैंकहरू बीच हुने पुराना र अनुभवी कर्मचारीहरूको स्थानान्तरण कम गर्न संस्थाले वार्षिक रूपमा स्वीकृत गरेको कर्मचारी दरबन्दी अनुसार नयाँ कर्मचारी भर्ना गर्नु उचित हुने सुझाव दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफमा डेपुटी गभर्नर श्रेष्ठले बैंकिङ क्षेत्रको नीति नियमका जानकार कर्मचारीहरू संस्थाको बलियो पक्ष भएको बताउँदै नीति निर्देशनका बारेमा संस्थाका कर्मचारीहरूलाई जानकार बनाउने दायित्व व्यवस्थापनको भएको बताउनु भयो । साथै, उहाँले सञ्चालक समिति र व्यवस्थापनको सुमधुर कार्यगत सम्बन्धले संस्थाको हित अभिवृद्धि हुने हुँदा सञ्चालक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यकारी निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल, बैंक सुपरिवेक्षण विभागका महेश्वरलाल श्रेष्ठ तथा आयोजक विभागका भुवन कडेलले पनि दिनुभएको थियो ।

आयोजक विभागका निर्देशक रामबहादुर मानन्धरले अन्तरक्रिया आयोजना गर्नुको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा निर्देशक राजेन्द्र भट्टराईले विकास बैंकहरूले आफूले बनाएको नीति नियम आफैले राम्रोसँग पालना गर्न र अग्रगामी सोचको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक सुरेशकुमार दाहालले आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन सम्बन्धमा र मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले विकास बैंकमा विद्यमान जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली विषयमा प्रस्तुत कार्यपत्रका साथै समसामयिक विषयमा अन्तरक्रिया आयाजना गरिएको थियो ।

विभिन्न विकास बैंकका ३३ जना प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन आयोजक विभागका उप-निर्देशक पुष्पा अधिकारीले गर्नुभएको थियो ।

# संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले २०७५ पुस २९ गते संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा लघु वित्त वित्तीय संस्थाहरूमा देखिएका प्रमुख कैफियतहरू विषयमा काठमाडौंमा एक अन्तरक्रियाको आयोजना गऱ्यो ।

सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले सबै लघु वित्त वित्तीय संस्थाहरूले संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै लघु वित्त वित्तीय संस्थाहरूको संख्या वृद्धिसँगै देखिएका नयाँ खालका विकृति र विसंगतिको निराकरणका लागि लघु वित्त वित्तीय संस्थाहरू स्वयम् चनाखो हुनुपर्ने बताउनु भयो ।

लघु वित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूका लागि आयोजित उक्त कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको सम्बोधन गर्दै डेपुटी गभर्नर श्रेष्ठले लघु वित्त वित्तीय संस्थाहरूले वित्तीय पहुँच र वित्तीय समावेशिता मार्फत् गरिबी न्यूनीकरणमा सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले बढ्दै गएको लघु वित्त वित्तीय संस्थाहरूको संख्या, ती संस्थाहरूमा देखिएको दोहोरोपना र साख सूचना आदानप्रदानमा रहेको कमजोरी नै लघु वित्त वित्तीय संस्थाहरूको प्रमुख समस्या भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आयोजक विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले लघु वित्त वित्तीय संस्थाहरू नियमनकारी निकायले जारी गरेका निर्देशनहरूको कार्यान्वयनमा चनाखो हुनुपर्ने बताउँदै नीति, नियम र निर्देशन कार्यान्वयनको क्रममा व्यावहारिक कठिनाई उत्पन्न भए आपसी छलफलबाट समस्या समाधान गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले लघु वित्त वित्तीय संस्थाहरू बीच देखिएको तीव्र व्यावसायिक प्रतिस्पर्धासँगै सबैले आफ्नो संस्थाको सबलीकरणमा थप ध्यान दिनुपर्ने बताउनु भयो ।

कार्यकारी निर्देशकद्वय भुक्तानी प्रणाली विभागका देवकुमार ढकाल र वित्त कम्पनी सुपरिवेक्षण विभागका सुनिल उदाशको उपस्थिति रहेको उक्त अन्तरक्रियामा आयोजक विभागका निर्देशक दयाराम शर्मा पंगेनीले 'लघु वित्त वित्तीय संस्थाले कायम गर्नुपर्ने संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली' विषयमा र कायम मुकायम निर्देशक शैलेन्द्र रेग्मीले 'लघु वित्त वित्तीय संस्थाहरूमा देखिएका प्रमुख कैफियतहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।



सोही विभागका उप-निर्देशक थानेश्वर आचार्यले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन उप-निर्देशक राजेन्द्रप्रसाद रिमालले गर्नुभएको थियो ।

# आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभागले २०७५ पुस २७ गते प्रदेश नं. ३ को हेटौडा र प्रदेश नं. २ को जनकपुरमा संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया सम्पन्न गऱ्यो ।

प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरू, योजना अधिकृतहरू, विभिन्न निर्देशनालयका निर्देशकहरू लगायत सरोकारवालाहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा आयोजक विभागका निर्देशक हिमप्रसाद न्यौपानेले संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।



हेटौडामा सम्पन्न अन्तरक्रियाका प्रमुख अतिथि प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कैलाशप्रसाद ढुंगेलले सत्य एवम् वास्तविक तथ्यांकको विश्लेषणबाट मात्र उपयुक्त नीति बन्ने र सोको कार्यान्वयनबाट देश विकासको पथमा अघि बढ्न सक्ने धारणा व्यक्त गर्दै ल्याबको प्रतिवेदनसँग तुलना गर्दै तथ्यांक उपलब्ध गराउँदा ३ पटक चेक गरेर मात्र पठाउनु पर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्र बैंक निश्कलंक संस्था भएको उल्लेख गर्दै उहाँले यस्तो संस्थालाई प्रदेशका तथ्यांक प्रदायक सबै निकायहरूले सही तथ्यांक उपलब्ध गराएर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जनले आर्थिक गतिविधि अध्ययनको महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक रमेशप्रसाद पराजुलीले गर्नुभएको थियो ।

यसैगरी, जनकपुरमा आयोजित अन्तरक्रिया प्रदेश सरकारको नीति तथा योजना आयोगका सदस्य सुरेन्द्र झाको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा आयोग सदस्य झाले नेपाल राष्ट्र बैंकको तथ्यांक विश्वसनीय

बाँकी ७ पृष्ठमा

# कार्ययोजना, बजेट तथा जोखिम व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न

संस्थागत योजना विभागले २०७५ पुस २६ र २७ गते वीरगञ्जमा कार्ययोजना, बजेट तथा जोखिम व्यवस्थापन सम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

पुस २६ गते विभागका कार्यकारी निर्देशक प्रदिपराज पौड्यालको प्रमुख आतिथ्यमा गोष्ठीको उद्घाटन सत्र सम्पन्न भयो । सो अवसरमा उहाँले बैंकका उद्देश्य हासिल गर्न तर्जुमा गरिने मध्यकालीन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट संस्थाको दिगो विकास हुने चर्चा गर्दै यस क्रममा बनाइने कार्ययोजना र बजेटको कार्यान्वयनमा आइपर्ने समस्या तथा चुनौतीहरू सम्बन्धित पक्षहरू बीच छलफल गरेर समाधान गर्दै अगाडि बढ्नु पर्ने धारणा राख्नुभयो ।



स्वीकृत वार्षिक कार्ययोजना तथा बजेटको पहिलो त्रयमासमा नै थपघट तथा फेरबदल माग हुने गरेको उल्लेख गर्दै उहाँले कार्यान्वयन गर्न सकिने योजना र पर्याप्त बजेट प्रस्ताव सहित कार्ययोजना पेश भएमा यस्तो स्थिति नआउने तर्फ सबै चनाखो हुनुपर्ने बताउनु भयो ।

स्वागत मन्तव्य व्यक्त गर्दै सोही विभागका निर्देशक सुमनकुमार अधिकारीले वार्षिक कार्ययोजना तथा बजेट निर्माण सम्बन्धी कार्यमा संलग्न अधिकृतहरूलाई आगामी वार्षिक कार्ययोजना तथा बजेट तोकिएको निर्देशिका बमोजिम तर्जुमा गर्न सहयोग गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताउनु भयो ।

वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जनले वीरगञ्जमा पहिलो पटक आयोजना भएको उक्त कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

उद्घाटन सत्र पश्चात् उक्त दिन वार्षिक कार्ययोजना तथा बजेट निर्माण सम्बन्धी कार्यमा संलग्न अधिकृतहरूका लागि आयोजित गोष्ठीमा तीन वटा वार्ता प्रस्तुत गरिएका थिए। सो क्रममा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम तिम्सिनाले आन्तरिक लेखापरीक्षणको क्रममा देखिएका बजेट तथा कार्ययोजना कार्यान्वयन सम्बन्धी समस्या एवम् कैफियतहरू विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले कार्ययोजना बमोजिमको काम समयमै सम्पन्न नहुनुमा जनशक्तिको कमी, इच्छा शक्तिको कमी, विभाग तथा कार्यालयका सरोकारवाला फाँट तथा एकाइहरू बीच समन्वयको अभावका प्रमुख कारण रहने गरेको बताउनु भयो ।

गोष्ठीमा बजेट तथा कार्ययोजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन विषयमा वार्ता प्रस्तुत गर्दै संस्थागत योजना विभागका निर्देशक अधिकारीले बैंकका सबै विभाग तथा कार्यालयहरूले प्राथमिकताको आधारमा कार्यहरूको वर्गीकरण गरी तोकिएको भारांक समेत उल्लेख गरी आगामी आर्थिक वर्षको कार्ययोजना तथा बजेट चालु आर्थिक वर्षको वैशाख २५ गतेभित्र संस्थागत योजना विभागमा आइपुग्ने गरी पठाउनु पर्ने बताउनु भयो। पहिलो दिनको तेस्रो वार्ता संस्थागत योजना विभागका उप-निर्देशक ईश्वरीप्रसाद भट्टराईले बजेट तथा कार्ययोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनः समस्या तथा सुझावहरू विषयमा प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले बैंकको बजेट अनुमान र वास्तविक खर्च बीच अन्तर बढी रहने गरेको चर्चा गर्दै सबै विभाग तथा कार्यालयहरूबाट तोकिएको ढाँचामा समयमै स्पष्ट र पूर्ण त्रैमासिक प्रगति विवरण प्राप्त भएमा बैंकको एकीकृत प्रगति प्रतिवेदन तयारी र प्रस्तुतिमा हुने ढिलाईको समस्या समाधान हुने बताउनु भयो ।

बैंकका विभिन्न विभाग तथा कार्यालयका जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागितामा पुस २७ गते सम्पन्न दोस्रो दिनको गोष्ठीमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक पौड्यालले नेपाल राष्ट्र बैंकको जोखिम व्यवस्थापन अभ्यास विषयक वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले बैंकको एकीकृत जोखिम रजिस्टर सम्बन्धी प्रथम र तेस्रो त्रयमासको प्रतिवेदन गभर्नर समक्ष र दोस्रो तथा अर्धवार्षिक र चौथो तथा वार्षिक प्रतिवेदन बैंकको सञ्चालक समिति समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको जानकारी दिनुभयो ।

दोस्रो दिनको गोष्ठीमा संस्थागत योजना विभागका उप-निर्देशक आर्या जोशी र सहायक निर्देशक डण्डप्रसाद खरेलले संयुक्त रूपमा जोखिम न्यूनीकरणका लागि गरेको प्रयास तथा व्यवसाय निरन्तर योजनामा भएको उपलब्धि सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

उक्त गोष्ठीमा वीरगञ्ज कार्यालयका उपनिर्देशक बुद्धराज शर्माले उक्त कार्यालयका काम कारवाहीमा निहित जोखिम तथा सोको व्यवस्थापनका लागि गरिएका प्रयासहरू विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

गोष्ठीमा बैंकका विभिन्न विभाग तथा कार्यालयका वार्षिक कार्ययोजना तथा बजेट निर्माण सम्बन्धी कार्यमा संलग्न अधिकृतहरू तथा जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागिता रहेको थियो ।

## आर्थिक गतिविधि...

रहेको उल्लेख गर्दै सो विश्वास कायम राख्न, प्रदेशगत रूपमा तथ्यांक संकलन गर्न, बाह्य स्रोत प्रयोग गरेर तथ्यांक संकलन नगर्न र अन्तर्राष्ट्रिय अनुभवको आधारमा तथ्यांक विश्लेषण गर्न सुझाव दिनुभयो । साथै, उहाँले प्रदेश नं. २ भित्रका बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा हुने निक्षेप सोही प्रदेशमा लगानी गर्ने व्यवस्था गर्न माग गर्नुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका निर्देशक दीर्घबहादुर रावलले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि छलफल गरिएको थियो ।

अन्तरक्रियामा सहभागीहरूले आर्थिक गतिविधि अध्ययन सम्बन्धी तथ्यांक कृषि ज्ञान केन्द्र, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, डिभिजन वन कार्यालयका अतिरिक्त कृषि निर्देशनालय, पशु सेवा निर्देशनालय र वन निर्देशनालयबाट संकलन गर्न सकिने सुझाव दिएका थिए ।

जनकपुर कार्यालयका उप-निर्देशक संजिवकुमार झाले आर्थिक गतिविधि अध्ययनको महत्वमाथि प्रकाश पार्नुभएको उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक जनकराज सापकोटाले गर्नुभएको थियो ।

# विराटनगरमा विदेशी मुद्रा कारोबार सम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले २०७५ माघ ४ गते कार्यालयको सभाहलमा परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार गर्ने बैंक, वित्तीय संस्था, मनिचेञ्जर, ट्राभल एजेन्सी र होटलहरूसंगको अन्तरक्रिया सम्पन्न गऱ्यो ।



कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगानाले प्रस्तुत गर्नुभएको कार्यपत्र माथि छलफल गरिएको थियो । अन्तरक्रियामा सहभागीहरूले राखेका गुनासा तथा जिज्ञासाको जवाफ उहाँले दिनुभएको थियो ।

कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उप-निर्देशक ईश्वरकुमार कटुवालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विराटनगर क्षेत्रमा विदेशी मुद्राको कारोबार गर्ने बैंक, वित्तीय संस्था, मनिचेञ्जर, ट्राभल एजेन्सी र होटलहरूका ८० जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक वेधनिधि घिमिरेले गर्नुभएको थियो ।

# पाँचपोखरी, खाडीचौर र खिम्तीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको प्रायोजनमा सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी तथा खाडीचौर र दोलखा जिल्लाको खिम्तीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो ।

पाँचपोखरीमा २०७५ माघ ४ गते तितिक्षा फाउण्डेसनले आयोजना गरेको कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुरेश पन्तले वित्तीय साक्षरताका विविध विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय युवा, महिला, विद्यार्थीहरू गरी १२० जनाको सहभागिता रहेको थियो ।

स्टेम फाउण्डेसन नेपालले २०७५ माघ १८ गते खाडीचौरमा आयोजना गरेको कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशकद्वय प्रदिप भट्टराई र सुरेश पन्तले वित्तीय साक्षरताका विविध विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय युवा, महिला, शिक्षक, विद्यार्थीहरू गरी १३० जनाको सहभागिता रहेको थियो ।

फिनलिट नेपालले २०७५ माघ २५ गते दोलखाको खिम्तीस्थित खिम्ती प्रोजेक्ट स्कुलमा आयोजना गरेको कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक रामकाजी खाइजूले नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता कार्यक्रमको माध्यमबाट देशमा वित्तीय पहुँच र समावेशिता बढाउने नीति लिएको बताउँदै वित्तीय साक्षरताका विविध विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

विद्यालयका प्रिन्सिपल कान्ती थापाको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा फिनलिट नेपालका गौरव थापाले पनि वित्तीय साक्षरताका विषयमा प्रस्तुति दिनुभएको थियो ।

विद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरूलाई वित्तीय साक्षरताका विविध विषयमा जानकारी दिने उद्देश्यले आयोजित उक्त कार्यक्रममा ८० जनाको सहभागिता रहेको थियो ।




# सहमतिपत्रमा हस्ताक्षर

नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग र नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग बीच आसिकुडा (Automated System for Customs Data) प्रणालीबाट तथ्यांक प्राप्ति एवं प्रयोग गर्ने सम्बन्धमा २०७५ माघ २ गते एक सहमति भएको छ । सो सम्बन्धी सहमतिपत्र (MOU) मा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र भन्सार विभागका निर्देशक तोयम रायले हस्ताक्षर गर्नुभयो ।



नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०३०/३१ देखि निरन्तर रूपमा शोधनान्तर तथ्यांक संकलन गरी प्रकाशन गर्दै आएको छ। शोधनान्तर तथ्यांकका लागि आवश्यक वस्तु व्यापारसंग सम्बन्धित तथ्यांकहरू भन्सार विभागमै गएर संकलन गर्ने गरिएकोमा उक्त सहमतिपछि आसिकुडा प्रणाली मार्फत वस्तु व्यापार सम्बन्धी तथ्यांक स्वचालित रूपमा प्राप्त हुने र वैदेशिक व्यापार सम्बन्धी तथ्यांक प्रशोधन तथा प्रकाशन सम्बन्धी कार्य थप सहज हुने विश्वास गरिएको छ ।

# वैदेशिक तालिममा सहभागिता

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक झलक शर्मा आचार्य र निर्देशक रामप्रसाद गौतम CIMA Bank ले २०१९ जनवरी २८ देखि २९ सम्म सिंगापुरमा आयोजना गरेको An Overview of Wholesale Banknotes Transaction विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट IMF ले २०१९ जनवरी २८ देखि ३० सम्म युएईमा आयोजना गरेको Central Bank Governance Forum मा सहभागी हुनुभयो । उक्त कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक पुष्पचन्द्र खनाल पनि सहभागी हुनुहुन्थ्यो ।

वित्त व्यवस्थान विभागका निर्देशक तेजबहादुर राना मगर United Nations ले २०१९ जनवरी ३१ देखि फेब्रुअरी १ सम्म कम्बोडियामा आयोजना गरेको Consultation on Enhancing MSMEs Financing in Cambodia विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका निर्देशक चेतप्रसाद उप्रेती र कानुन महाशाखाका सहायक निर्देशक योगराज शर्मा Mashreq Bank ले २०१९ जनवरी २२ देखि २५ सम्म युएईमा आयोजना गरेको Financial Institutions Conference मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक राजेन्द्र भट्टराई Dutch Bundesbank ले २०१९ फेब्रुअरी ४ देखि ८ सम्म जर्मनीमा आयोजना गरेको Banking Supervision Within the BASEL Framework विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक दीर्घबहादुर रावल तथा सहायक निर्देशकद्वय सोही विभागका टीकाराम तिमिल्सिना र वित्त व्यवस्थापन विभागका रागनी सिंह IMF-STI ले २०१९ जनवरी २८ देखि फेब्रुअरी १ सम्म सिंगापुरमा आयोजना गरेको Balance Sheet Approach विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उप-निर्देशक (कम्प्युटर) गणेशमान महर्जन र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक शरद प्रधान २०१९ जनवरी २२ देखि २४ सम्म इजिप्टमा आयोजना गरेको Financial Inclusion Global Initiative मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका सहायक निर्देशक दिलबहादुर सुब्बा आङ्दम्बे Egmont Group ले २०१९ जनवरी २९ देखि ३१ सम्म इण्डोनेसियामा आयोजना गरेको Egmont Group Meeting मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक चोपकान्त सुवेदी Dutch Bundesbank ले २०१९ फेब्रुअरी १३ देखि १५ सम्म जर्मनीमा आयोजना गरेको Macroeconomic Analysis and Forecasting विषयक तालिममा सहभागी हुनुभयो ।

# नेपालगञ्जमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपालगञ्ज कार्यालयले २०७५ माघ २७ गते कार्यालयको सभाहलमा तेस्रो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक नारायणप्रसाद पोखेलले कर्जा व्यवस्थापन विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि सहभागीहरूबीच छलफल गरिएको थियो ।

कार्यपत्रमा निजी क्षेत्रतर्फको कर्जा र कुल गार्हस्थ्य उत्पादन बीचको सम्बन्ध, ऋणात्मक ब्याजदर तथा न्यून मुद्रास्फीतिको अवस्थामा केन्द्रीय बैंकहरूले उच्च आर्थिक वृद्धिको लागि खेल्नुपर्ने भूमिका तथा चाल्नुपर्ने कदम, नेपालमा कर्जाको माग तथा आपूर्तिको वर्तमान स्थिति, निजी क्षेत्रतर्फको कर्जा विस्तारमा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति, एकीकृत निर्देशन तथा परिपत्रहरू मार्फत प्रष्ट्याएको दिशानिर्देश र सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सम्बन्धी विषयवस्तु समेटिएका थिए ।

कार्यक्रममा कार्यालयका अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।




## बैंकिङ क्षेत्रको...

RTGS आयोजना नेपाल राष्ट्र बैंकको उच्च प्राथमिकतामा रहेको र आयोजनाको कार्य निर्धारित समयमै सम्पन्न गर्न बैंकिङ क्षेत्रको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गर्दै उहाँले RTGS लाइभ हुनुपर्ने समयसीमा २०१९ को सेप्टेम्बरसम्म रहेकोले पहिलो चरणमा सो प्रणाली लागू हुने वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले समयमै आवश्यक व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

गोष्ठीमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले भुक्तानी प्रणालीको वर्तमान अवस्था बारे चर्चा गर्दै RTGS लागू गर्न वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्नो बैंकिङ प्रणाली सुरक्षित र अद्यावधिक गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले RTGS आयोजना नेपालको भुक्तानी प्रणाली र समग्र अर्थतन्त्रका लागि महत्वपूर्ण रहेको र यसको कार्यान्वयन प्रति संघ सकारात्मक रहेको बताउनु भयो ।

कार्यक्रममा DFID Nepal का उप-प्रमुख Nathanael Bevan ले नेपाली बैंकिङ क्षेत्रमा RTGS को सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्नुभयो ।

गोष्ठीमा UKaid सक्षमका भुक्तानी प्रणाली विज्ञ Dr. Gordon R Charke र आयोजना व्यवस्थापक Mr. Alexander Morozov ले प्रस्तुत गर्नुभएको कार्यपत्रका साथै RTGS आयोजनाका विषयमा छलफल गरिएको थियो ।

# विराटनगरमा शपथग्रहण कार्यक्रम

विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले सिर्जना फाइनान्स कम्पनी लिमिटेड, विराटनगरको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष सुयस प्याकुरेललाई २०७५



माघ १ गते पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

यसैगरी, निर्देशक आचार्यको रोहवरमा अध्यक्ष प्याकुरेलले सञ्चालक समितिका अन्य सदस्यहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

सो अवसरमा निर्देशक आचार्यले नवनियुक्त सञ्चालकहरूलाई बधाई ज्ञापन गर्दै सुदृढ संस्थागत सुशासन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नुको साथै बैकिङ क्षेत्रमा गुणस्तरीय ऋण लगानी गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा कार्यालयका अधिकृतहरू तथा फाइनान्स कम्पनीका उच्च अधिकृतहरूको उपस्थिति रहेको थियो ।

# अधिकृत द्वितीय र अधिकृत तृतीय पदमा बढुवा तथा पदस्थापन

नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली अनुसार उप-निर्देशक पदमा बढुवाका लागि सिफारिश भएका देहायका सहायक निर्देशकहरूलाई उप-निर्देशक पदमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ माघ ३ गतेको परिपत्रमा जनाइएको छ ।

यस अनुरूप बिन्ती श्रेष्ठलाई अनुसन्धान विभागमा, मनोहर शिवाकोटी, डा. भागवत आचार्य, कृष्णशरण फुयाल तथा माधवप्रसाद पोखेललाई विदेशी विनिमय व्यवस्थापन विभागमा, गेदा पंगेनी, सुवोधमान श्रेष्ठ, टीकाराम खतिवडा तथा यज्ञ श्रेष्ठलाई बैंक सुपरिवेक्षण विभागमा, आशबहादुर थापा, केशवप्रसाद रिमाल तथा रचना शर्मा पराजुलीलाई बैंकिङ कार्यालयमा, दीपक पोखरेल, दीपेन्द्रप्रसाद पोखरेल तथा गंगा थापालाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, अमृतबहादुर बुढाथोकी, मिना कुँवर कालिकोटे तथा बद्रीनाथ नेपाललाई विकास बैंक सुपरिवेक्षण विभागमा, टेकराज भण्डारीलाई भुक्तानी प्रणाली विभागमा, रामकुमार के.सी.लाई आन्तरिक लेखापरीक्षण विभागमा, वशिष्ठ अधिकारी, रामकाजी खाइजू तथा राजनप्रसाद अधिकारीलाई लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, डिल्लीराम न्यौपाने तथा रामशरण पोखरेललाई कानून महाशाखामा, डिल्लीराम पोखरेललाई वित्त व्यवस्थापन विभागमा, अस्मिता गोर्खालीलाई आन्तरिक लेखापरीक्षण विभागमा, खगराज सापकोटालाई टक्सार महाशाखामा, तेजबहादुर खाँणलाई गभर्नरको कार्यालयमा, राजनबाबु पाण्डेयलाई जनशक्ति व्यवस्थापन विभागमा (कामकाज: अख्तियार दुरूपयोग अनुसन्धान आयोग), रामकुमार कार्कीलाई पोखरा कार्यालयमा, लक्ष्मीप्रसाद तिम्सिनालाई विराटनगर कार्यालयमा, टेकेन्द्र भट्टराईलाई सामान्य सेवा विभागमा, रञ्जना शर्मालाई वित्त कम्पनी सुपरिवेक्षण विभागमा, लक्ष्मीनारायण ताम्राकारलाई बैंकर्स प्रशिक्षण केन्द्रमा तथा कर्ता श्रेष्ठलाई राष्ट्र ऋण व्यवस्थापन विभागको उप-निर्देशक पदमा पदस्थापन गरिएको छ ।

यसैगरी, नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली अनुसार सहायक निर्देशक पदमा बढुवाका लागि सिफारिस गरिएका प्रधान सहायकहरू सृजना ठडराईलाई विदेशी विनिमय व्यवस्थापन विभागको, संजेवकुमार राईलाई विराटनगर कार्यालयको, भोलाराज खड्कालाई बैंकिङ कार्यालयको तथा शिवनारायण झालाई जनकपुर कार्यालयको सहायक निर्देशक पदमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ माघ १० गतेको परिपत्रमा जनाइएको छ ।

# प्रधान सहायक तथा सहायक पदमा बढुवाका लागि सिफारिस

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको प्रधान सहायक (सहायक प्रथम) पद संख्या २५ (पच्चिस) मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार सहायकहरू बैंकिङ कार्यालयका नमबहादुर नेपाली, विवेक देवकोटा, शान्ति दङ्गाल, टीकाराम ढकाल, होमबहादुर काउचा तथा शोभा पाठक, नेपालगञ्ज कार्यालयका लेखबहादुर पाण्डे, मुद्रा व्यवस्थापन विभागका हरिप्रसाद अर्याल तथा कृति ओझा, धनगढी कार्यालयका ललित कार्की, रामकुमार चौधरी तथा राघवेन्द्रकुमार मण्डल, पोखरा कार्यालयका दलबहादुर थापा मगर तथा अर्जुनराज तिवारी, वीरगञ्ज कार्यालयका वीरबहादुर जैसवाल, वित्त व्यवस्थापन विभागका कमला अर्याल तथा गोकर्णप्रसाद ओझा, सिद्धार्थनगर कार्यालयका सुवासचन्द्र चौधरी, विराटनगर कार्यालयका चन्दनसिं चौधरी, सम्झना अधिकारी, नवदिप साह तथा मोहनकुमार योङ्गहाङ्ग, गभर्नरको कार्यालयका समिता श्रेष्ठ, अनुसन्धान विभागका रूपकमल नेपाली, आन्तरिक लेखापरीक्षण विभागका सानुकाजी महर्जनलाई प्रधान सहायक पदमा बढुवाका लागि सिफारिश गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ माघ ३ गतेको सूचनामा जनाइएको छ ।

साथै, बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय) पद संख्या ८ नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली अनुसार मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सम्बन्धमा सोही विनियमावलीको विनियम ५३ बमोजिम बैंकमा कार्यरत उप-सहायक (सहायक तृतीय) हरू सिद्धार्थनगर कार्यालयका रमेशबहादुर पोडे, नविन आर्चाय, अर्जुनकुमार अधिकारी, बैंकिङ कार्यालयका राजु बुढाथोकी, वित्तीय जानकारी एकाइका भवानी कार्की, बैंक तथा वित्तीय संस्था नियमन विभागका बालकृष्ण अर्याल, मुद्रा व्यवस्थापन विभागका रिता अर्याल कटुवाल र सामान्य सेवा विभागका मनोजकुमार महर्जनलाई सहायक पदमा बढुवा गर्ने निर्णय भएको जनशक्ति व्यवस्थापन विभागको २०७५ माघ १४ गतेको सूचनामा जनाइएको छ । उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

# सहायक द्वितीय पदमा नयाँ नियुक्ति तथा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय) पदमा नयाँ नियुक्तिका लागि सिफारिस गरिएका देहायका उम्मेदवारहरूलाई २०७५ माघ १८ गतेदेखि बैंकको सहायक पदमा नियुक्त गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यस अनुरूप सहायकहरू मोहन धानुक, अर्जुनबहादुर धामी तथा शिवसंकर प्रसाद साहलाई धनगढी कार्यालयमा, सजिना सुवेदी, अंगदिप न्यौपाने, पूर्णिमा कोइराला तथा पूर्णमाया बस्नेतलाई विदेशी विनिमय व्यवस्थापन विभागमा, अर्जुनकुमार श्रेष्ठलाई बैंक सुपरिवेक्षण विभागमा, विष्णु रेग्मीलाई विकास बैंक सुपरिवेक्षण विभागमा, ऋचा दाहाल, पवित्रा पाण्डे, राजन पोखरेल तथा संगिता पुडासैनीलाई वित्त व्यवस्थापन विभागमा, दिक्षा सुवेदीलाई वित्त कम्पनी सुपरिवेक्षण विभागमा, कमला कार्की तथा राजन प्रजापतिलाई वित्तीय जानकारी एकाइमा, सिर्जना थापालाई गभर्नरको कार्यालयमा, ऋषिबाबु चापागाई, रूपेशमणि भट्टराई, ध्रुव भट्टराई तथा सुनिरा शर्मालाई मुद्रा व्यवस्थापन विभागमा, निर्जल घिमिरे, पूर्णप्रसाद भण्डारी, देवी भण्डारी, मानसिंह तामाङ, ऋषिराम कोइराला तथा शरिषमान जोशीलाई अनुसन्धान विभागमा, सन्तोष पौडेल तथा विक्रम महर्जनलाई लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, गोमा धितालालाई राष्ट्र ऋण व्यवस्थापन विभागमा, शिशिर शर्मा, सविता आचार्य तथा विक्रम आचार्यलाई सामान्य सेवा विभागमा, सन्तोष पनेरु, सूर्यप्रसाद पौडेल तथा नविन भण्डारीलाई पोखरा कार्यालयमा, सुनिलकुमार अर्याल, सुमना पाण्डे तथा गणेशमान शाक्यलाई सिद्धार्थनगर कार्यालयमा, सुस्मिता पौडेल, लुमणि खनाल, निरञ्जन कोइराला, ज्ञानबहादुर घलान, सुशिल पोखेल, सरला पोखेल, लक्ष्मीकुमारी शर्मा, समिर अधिकारी, दिपेश न्यौपाने, सम्झना घिमिरे, चक्रबहादुर बस्नेत, शर्मिला खतिवडा, अमिता मिश्र, अन्जना जोशी, इन्दिरा गुरुङ, भागीरथी पौडेल, ज्योति मेहता, रेवती राई, सृजना न्यौपाने (गर्तौला), बिमला कुँवर, लक्ष्मी लामिछाने तथा आरती मण्डललाई बैंकिङ कार्यालयमा, सुष्मा श्रेष्ठलाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, प्रविन पुडासाइनी, सुमन राई, धिरजकुमार साह, प्रेमकुमार देव, मनोहर थापा, प्रेमबहादुर रसाइली, धीरेन्द्र शर्मा, शिवराम यादव तथा धीरेन्द्रकुमार मण्डललाई जनकपुर कार्यालयमा, अर्जुन अर्याललाई भुक्तानी प्रणाली विभागमा, सुगम थापा, शिशिर पोखरेल, मिनराज शर्मा, विरजित रोकाया, सन्दिप रसाइली, माधुरी काफ्ले, प्रकाश श्रेष्ठ, जोगेन्द्र बे विश्वकर्मा तथा कविता बि.क. लाई नेपालगञ्ज कार्यालयमा, विवेक बुढाथोकी तथा भावना खड्कालाई जनशक्ति व्यवस्थापन विभागमा, संदिप लुइटेल, ध्रुवनारायण पंजियार, श्यामजन्मप्रसाद रौनियार, सन्तोषकुमार तामाङ, सरोज कन्दङ्वा, धर्मराज ठाकुर सिंह, कृष्मा डंगोल, राकेशकुमार साह तथा पुजा केशरीलाई वीरगञ्ज कार्यालयमा, एलिना दाहाललाई बैंकर्स प्रशिक्षण केन्द्रमा र अमित शाक्यलाई आन्तरिक लेखापरीक्षण विभागमा पदस्थापन गरिएको छ ।

उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

## सरुवा

निर्देशकहरू वीरगञ्ज कार्यालयका रविन्द्र महर्जन वित्त कम्पनी सुपरिवेक्षण विभागमा र बैंक सुपरिवेक्षण विभागका राजनविक्रम थापा वीरगञ्ज कार्यालयमा सरुवा हुनुभएको छ ।

उप-निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका राजनदेव भट्टराई वित्त व्यवस्थापनमा, अनुसन्धान विभागका विज्ञानराज सुवेदी बैंक तथा वित्तीय संस्था नियमन विभागमा, वित्त व्यवस्थापन विभागका प्रियन्का बस्न्यात, विराटनगर कार्यालयका नन्दकुमार ढकाल तथा बैंकिङ कार्यालयका अवन्तिका रिमाल अनुसन्धान विभागमा, बैंकिङ कार्यालयका सजना शिल्पकार वित्त कम्पनी सुपरिवेक्षण विभागमा तथा तीर्थराज ओझा भुक्तानी प्रणाली विभागमा, भुक्तानी प्रणाली विभागका पदमराज रेग्मी लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका सुरेशकुमार दहाल गभर्नरको कार्यालयमा, मुद्रा व्यवस्थापन विभागका रविन्द्र महर्जन संस्थागत योजना विभागमा सरुवा हुनुभएको छ ।

सहायक निर्देशकहरू लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका डा. कीर्तिविक्रम दाहाल भुक्तानी प्रणाली विभागमा, शरद प्रधान मुद्रा व्यवस्थापन विभागमा, भीमप्रसाद अधिकारी आन्तरिक लेखापरीक्षण विभागमा र देवराज घिमिरे संस्थागत योजना विभागमा, बैंक सुपरिवेक्षण विभागका मधुसूधन दवाडी तथा रुद्रप्रसाद तिम्सिना लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, बबी के.सी मुद्रा व्यवस्थापन विभाग, शिवनाथ योगी भुक्तानी प्रणाली विभागमा र धनञ्जय पराजुली पोखरा कार्यालयमा, संस्थागत योजना विभागका डण्डप्रसाद खरेल बैंक तथा वित्तीय संस्था नियमन विभागमा, अनुसन्धान विभागका मनोजकुमार के.सी गभर्नरको कार्यालयमा, राजिव शर्मा रेग्मी विदेशी विनिमय व्यवस्थापन विभागमा तथा अर्जुन सुवेदी बैंकिङ कार्यालयमा, आन्तरिक लेखापरीक्षण विभागका सुमनकुमार नेपाल विकास बैंक सुपरिवेक्षण विभागमा, वित्त कम्पनी सुपरिवेक्षण विभागका विश्वनाथ न्यौपाने राष्ट्र ऋण व्यवस्थापन विभागमा, सविन थापा बैंकिङ कार्यालयमा, वित्त व्यवस्थापन विभागका दीर्घबहादुर थापा वित्तीय जानकारी एकाइमा, विष्णुप्रसाद उपाध्याय लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, बालकुमार थापा वित्त कम्पनी सुपरिवेक्षण विभागमा, राष्ट्र ऋण व्यवस्थापन विभागका रमेशकुमार कटुवाल वित्तीय जानकारी एकाइमा, बैंकिङ कार्यालयका विष्णुबहादुर श्रेष्ठ लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, धनगढी कार्यालयका घनश्याम फुलारा बैंकिङ कार्यालयमा तथा विष्णुदत्त पाण्डेय गभर्नरको कार्यालयमा, विकास बैंक सुपरिवेक्षण विभागका राजु श्रेष्ठ तथा टक्सार महाशाखाका मोहनध्वज खड्का वित्त व्यवस्थापन विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका हरिप्रसाद आचार्य बैंकिङ कार्यालयमा, विदेशी विनिमय व्यवस्थापन विभागका नरेशकुमार अधिकारी बैंकर्स प्रशिक्षण केन्द्रमा, भुक्तानी प्रणाली विभागका शिव रेग्मी बैंक सुपरिवेक्षण विभागमा र नेपालगञ्ज कार्यालयका गणेशबहादुर मल्ल बैंकिङ कार्यालयमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक विमला लुइँटेल चापागाई, उप-प्रधान चालकद्वय सामान्य सेवा विभागका विष्णुबहादुर तामाङ तथा पोखरा कार्यालयका ऋषिराम बराल र बैंकिङ कार्यालयका सञ्चार चालक श्यामकृष्ण गजुरेलले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्ष सेवा अवधिका कारण बैंक सेवाबाट अनिर्वाय अवकाश प्राप्त गर्नुभएको छ । साथै, सिद्धार्थनगर कार्यालयका सहायक प्रेमबहादुर गाहामगरले सोही विनियमावलीमा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिर्वाय अवकाश प्राप्त गर्नुभएको छ ।

# लेखापरीक्षणका क्रममा देखिएका कैफियतहरूको समीक्षा गोष्ठी सम्पन्न

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा आन्तरिक लेखापरीक्षण विभागले २०७५ माघ २५ गते काठमाडौंमा आन्तरिक तथा बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतहरू सम्बन्धी समीक्षा गोष्ठी आयोजना गर्‍यो ।



सो अवसरमा गभर्नर डा. नेपालले बैंकको कार्ययोजना बमोजिमका कार्यहरू सम्पादन गर्ने क्रममा आउने कैफियतहरूको क्रमशः सुधार हुँदै गएको बताउँदै लेखापरीक्षणको क्रममा पछिल्लो चरणमा विगतमा भन्दा धेरै कम कैफियतहरू आएको पाइएकोमा खुसी व्यक्त गर्नुभयो ।

आन्तरिक लेखापरीक्षण विभागले आफ्नो सक्रियता बढाउँदै लगेकोमा खुशी व्यक्त गर्दै उहाँले लेखापरीक्षण गर्दा पारदर्शिता र नियमसंगत रूपमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा सञ्चालक तथा लेखापरीक्षण समितिका संयोजक सुवोधकुमार कर्णले बैंकमा पूर्णरूपमा NFRS लागू भएको र गत आर्थिक वर्षमा बेरुजु बाँकी नरहेको जानकारी दिँदै आन्तरिक लेखापरीक्षण विभागलाई स्वतन्त्र बनाउनु पर्नेमा जोड दिनुभयो । साथै, उहाँले आन्तरिक लेखापरीक्षणको प्रतिवेदन ढाँचा परिमार्जन गर्ने कार्य भइरहेको जानकारी दिँदै आन्तरिक लेखापरीक्षणका क्रममा कैफियतहरूका साथै सम्पादन भएका राम्रा कामहरू र सुधारको बारेमा पनि उल्लेख गर्नुपर्ने धारणा राख्नुभयो ।

गोष्ठीमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम तिम्सिनाले आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक तथा बाह्य लेखापरीक्षणको क्रममा देखिएका कैफियतहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले कार्ययोजना बमोजिमका कार्यहरू समयमै सम्पन्न नहुनु, पुँजीगत खर्च कम मात्र हुनु लगायतका प्रमुख कैफियतहरू देखिएको बताउनु भयो ।

गोष्ठीमा सहभागी विभागीय तथा कार्यालय प्रमुखहरूले कार्ययोजना अनुसारको कार्य सम्पादन गर्दा आइपरेका कठिनाईहरू प्रस्तुत गर्दै कैफियतहरू कम हुने गरी कार्य सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

गोष्ठीमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक तिम्सिनाले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो भने निर्देशक मिना पाण्डेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीको सञ्चालन सोही विभागका उप–निर्देशक अशोक घिमिरेले गर्नुभएको थियो ।

# कार्यालय पोशाक र परिचयपत्र अनिवार्य

जनशक्ति व्यवस्थापन विभागले २०७५ माघ १७ गते एक परिपत्र जारी गरी बैंकका कर्मचारीहरूलाई तोकिएको कार्यालय पोशाक र परिचयपत्रका साथ कार्यालयमा आउन पुनः स्मरण गराएको छ ।

यसअघि विभागले २०७५ पुस २५ गते बैंकका कर्मचारीहरूले तोकिएको कार्यालय पोशाक अनिवार्य लगाउनु पर्ने परिपत्र जारी गरेको थियो । बैंकका कर्मचारीहरूले कार्यालयले तोकेको पोशाक नलगाई आफूखुशी पोशाकमा कार्यालयमा आउने गरेको पाइएकोले कार्यालय पोशाकमा एकरूपता, नियमितता, औचित्यता कायम हुन नसकेको र नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको "कर्मचारीले अनिवार्य रूपमा बैंकले तोके बमोजिमको पोशाक र परिचयपत्र लगाउनु पर्नेछ" भन्ने व्यवस्थाको अवज्ञा भएको परिपत्रमा उल्लेख छ ।

यस सम्बन्धमा नेपाल राष्ट्र बैंक, लेखापरीक्षण समितिको मिति २०७५/०९/२३ को बैठकबाट "आफ्नो विभागका कर्मचारीहरूलाई कार्यालयले तोकेको पोशाकमा आउन सम्बन्धित विभागीय प्रमुखले निर्देशन/प्रोत्साहन गर्न सम्बन्धित विभागहरूलाई निर्देशन दिन जनशक्ति व्यवस्थापन विभागलाई निर्देशन दिने" निर्णय भएकोले उक्त निर्देशन अनिवार्य रूपमा पालना गर्न गराउन उक्त परिपत्र जारी गरिएको हो ।

उपर्युक्त व्यवस्था पालना नभएमा कर्मचारीले बैंकबाट प्राप्त पोशाक सुविधाको दुरूपयोग गरेको मानी कार्यालय प्रवेशमा कडाई गरिने र नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली बमोजिम भैजाने पनि परिपत्रमा उल्लेख छ ।

साथै, पुरुष कर्मचारीको हकमा सादा लबेदा सुरुवाल (दौरा सुरुवाल), कोट, टोपी र जाडो याम (कार्यालय समय १० बजेदेखि ४ बजेसम्म हुने महिना) मा पुरुष वा महिला कर्मचारी दुवैको हकमा विद्यमान व्यवस्थाको अलावा निलोकालो रंगको ज्याकेटलाई समेत कार्यालय पोशाकमा समावेश गरिएको उक्त विभागले जनाएको छ ।

प्रकाशक

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२

ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

सम्पादक

रामकाजी खाइजू

सम्पादन सहयोगी

सुधा थापा विष्ट

समिता श्रेष्ठ

नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६११६, ५७०५९१८